आज मिति २०८३ जेठ १८ गते सोमबारका दिन ७९ औं कार्यपालिका बैठक महाङ्गाल गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहायका प्रस्तावहरु माथी छलफल गरी निर्णयहरु गरियो।

<u>उपस्थित</u>

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संज्रेल | सदस्य | |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका सञ्जेल | सदस्य | |
| श्री गुप्त बहादुर ब्राहमु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | |
| श्री सन्दिप न्यौपाने | सदस्य सचिव | |

<u>सहजकर्ता</u>

| | | |
|---|---|---|
| श्री एलिना लामा | प्रशासन शाखा | |
| | | |
| | | |

## मिति २०८३/०२/१८ मा बसेको ७२ औँ कार्यपालिका बैठकका निर्णयहरु :

### कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक सङ्ख्या: ७२ औँ

अध्यक्षता: श्री गणेशबहादुर के.सी.

बैठक मिति: २०८३।०२।१८

बैठक स्थान: महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर।

बैठक समय: बिहान ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८३।०१।२९ | ८:०० बजे | राजस्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा | राजस्व एकाइ | १ |
| २०८३।०१।२९ | ८:१५ बजे | अन्तरपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | २ |
| २०८३।०१।२९ | ८:२० बजे | व्यवसाय दर्ता खारेजी सम्बन्धमा | | ३ |
| २०८३।०१।२९ | ८:३० बजे | 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा | | ४ |
| २०८३।०१।२९ | ८:४० बजे | मानिखेल अस्पताल अनुदान व्यवस्थापन सम्बन्धमा | स्वास्थ्य शाखा | ५ |

गणेश बहादुर के.सी.
अध्यक्ष

र[illegible] न्यौपाने
[illegible] प्रशासकीय अधिकृत

**मिति २०८३/०२/१८ मा बसेको ७२ औं कार्यपालिका बैठकका निर्णयहरु :**

**बैठक निर्णयका सम्बन्धमा असहमतिको टिप्पणी**

**कार्यपालिकाको बैठक नं. ७२, मिति: २०८३।०२।१८**

**निर्णयको विषय:**

**निर्णयको विषयमा रहेको असहमति:**

**असहमति व्यक्त गर्ने पदाधिकारीको विवरण:**

**दस्तखत:**

**नाम:**

**पद:**

उपरोक्त कार्यपालिका बैठकमा कुनै पनि किसिमको असहमति प्रकट नभएको व्यहोरा प्रमाणित गरिन्छ।

०८३/०२/१८

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८३/०२/१८ मा बसेको ७२ औं कार्यपालिका बैठकका निर्णयहरु :**

**पुर्व बैठकको समीक्षा**

मिति २०८३।०१।२९ मा बसेको ७१ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८३।०२।१८ मा बसेको ७२ औं कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१:** राजस्व परामर्श समितिको मिति २०८३।०१।०३ मा भएका निर्णयहरुलाई सुर्वसहमतिले निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.२:** मिति २०८३।०२।०६ गते बसेको अन्तरपालिका बैटकको निर्णयहरुलाई सर्वसहमतिले निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.३:** महाङ्काल गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८२।०१।०२ गते (प्रमाण पत्र नं.६८६) जय महालक्ष्मी निर्माण सप्लायर्स प्रा.ली.को (पुरानो नाम ॐ सिमेन्ट सामाग्री उद्योग) नाममा जारी भएको र मिति २०८१।१०।२० गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम उक्त निर्माण सेवाका रुपमा सञ्चालन हुँदै आएकामा हालको अवस्था सम्म आवश्यक प्रक्रिया बिना सञ्चालन गर्ने जय महालक्ष्मी निर्माण सप्लायर्स प्रा.ली.को व्यवसायलाई यस कार्यालयले विधिसम्मत सञ्चालन गर्न/गराउन पत्राचार गर्दा समेत सो बमोजिम प्रक्रिया नपुर्‍याएको हुँदा निज व्यवसाय दर्तालाई यस कार्यपालिका बैठकको सर्वसहमत निर्णयमार्फत् खारेज गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.४: महाङ्काल गाउँपालिकाको "घ' वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को** व्यवस्था बमोजिम श्री फेथलाइन ग्रुप अफ कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. को मिति २०८३।०२।१३ को निवेदन बमोजिम फेथलाइन ग्रुप अफ कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली., महाङ्काल गा.पा.-६, ललितपुरलाई पुर्‍याउनु पर्ने आवश्यकीय प्रक्रिया पुरा गरेकाले "घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** १० शैयाको मानिखेल अस्पतालका लागि न्यूनतम सेवा प्रवाह सुदृढीकरण र व्यवस्थापन सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत् रु. ३८ लाख रकम यस पालिकाको खातामा अन्तिम त्रैमासिक अवधिमा प्राप्त भएको र सो अनुदानलाई कार्यान्वयन गर्ने "आधारभूत अस्पताल ५/१०/१५ सञ्चालनका लागि अनुदान उपलब्ध गराउने मापदण्ड, २०८२" बमोजिम यस आ व भित्र कार्यान्वयन भइसक्नुपर्ने प्रावधान रहेकाले मानिखेल अस्पतालमा सेवा प्रवाहका क्रममा अत्यावश्यक भई अस्पताल व्ययवस्थापन समितिको मिति २०८३।०२।१२ गतेको निर्णय र अस्पताल प्रशासनबाट माग भइ आएका देहाय बमोजिमका सामानहरु यथाशीघ्र रुपमा खरिद गरी आपूर्ति गर्ने गराउने सर्वसहमतिले निर्णय पारित गरियो ।

गणेश बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित गर्ने अधिकृत